# गाउँकार्यपालिका बैठक

## बैठक नं.

आज मिति २०७७ साल बैशाख ३० गते मंगलबारका दिन यस कालीगण्डकी गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितीमा निम्न बमोजिमका प्रस्तावहरू माथि छलफल गरि तपशिल बमोजिमका निर्णयहरू गरियो ।

**उपस्थिती:**

| | |
|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष |
| श्री सावित्रा कोईराला | उपाध्यक्ष |
| श्री झविश्वर रेग्मी | प्रमुख प्रशासकीय अधिकृत |
| श्री हिरामणी पाण्डे | अधिकृत छैठौं |
| श्री सोभिलाल चौतारे | वडाध्यक्ष वडा नं. १ |
| श्री नर बहादुर राना | वडाध्यक्ष वडा नं. २ |
| श्री राम बहादुर आले | वडाध्यक्ष वडा नं. ३ |
| श्री चक्रपाणी पाण्डे | वडाध्यक्ष वडा नं. ४ |
| श्री लोकेदार थापा | वडाध्यक्ष वडा नं. ५ |
| श्री लिलाबल्लभ अधिकारी | वडाध्यक्ष वडा नं. ६ |
| श्री मुक्ति प्रसाद भट्टराई | वडाध्यक्ष वडा नं. ७ |
| श्री मन्धरा पाण्डे | कार्यपालिका सदस्य |
| श्री कोमाया सोमै | कार्यपालिका सदस्य |
| श्री टीकीसरा भट्टराई | कार्यपालिका सदस्य |
| श्री टीका कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री शोभाकर दर्जी | कार्यपालिका सदस्य |
| श्री थानेश्वर बि.क. | कार्यपालिका सदस्य |
| श्री शमशेर राना | वडा सदस्य आमन्त्रित |

प्रस्तावहरुः

१. आयोजना सम्झौता तथा भुक्तानीको म्याद सम्वन्धमा ।

२. (Covid-19) रोकथाम, नियन्त्रण तथा राहत कोषमा भएको खर्च अनुमोदन सम्वन्धमा ।

३. धानको बिउ वितरण सम्बन्धमा ।

४. आयोजना अनुगमन सम्बन्धमा ।

५. क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

६. आर्थिक सहयोग सम्बन्धमा ।

७. आयोजना माग सम्बन्धमा ।

८. रकम उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरुः

माथिका प्रस्तावहरु माथि छलफल गरि तपशिल बमोजिम निर्णयहरु गरियो ।

निर्णय नं १ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७६/०७७ मा गाउँपालिका भित्र सञ्चालित आयोजनाहरुको सम्झौता मिति २०७७/०२/१५ सम्म गरिसक्नु पर्ने र भुक्तानीका लागि २०७७/०३/१५ सम्ममा आवश्यक कागजात गाउँपालिकामा पेश गरिसक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा हालसम्म कोरोना रोकथाममा भएको तपशिल बमोजिमको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | औषधी खरिद | ८७३१३३। |
| २ | खाद्यान्न राहत | ७३९१०१। |
| ३ | मास्क, थर्मल गन | ८६०००। |
| ४ | प्रचारप्रसार | ४४०००। |
| ५ | वायरिङ | ७८८०। |
| जम्मा | | १७५०११४। |

निर्णय नं ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका भित्रका किसानहरुको लागि ५० प्रतिशत अनुदानमा मागको आधारमा धानको विउ उपलब्ध गराउने कृषि कार्यक्रममा विनियोजित रकम शिर्षकबाट रु. ५००,०००।- पाँच लाख रुपियाँ को विउ खरिद गर्ने निर्णय गरियो ।

खिम बहादुर थापा
गा.पा. अध्यक्ष

निर्णय नं ४ :

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका भित्र सञ्चालन आयोजनाहरु मध्ये रु. २०,०००।- सम्मको वडास्तरीय अनुगमन समितिले अनुगमन गरि फोटो सहित प्रतिवेदन पेश गर्ने र सो भन्दा बढिका आयोजनाहरु गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन गरि फोटो सहित प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं ५ :

प्रस्ताव नं. ५ माथि छलफल गर्दा विदेशबाट आएका, रेड जोनबाट आएका र अन्य क्षेत्रबाट आएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राखी व्यवस्थापन गर्ने सन्दर्भमा गा.पा. अध्यक्षको नेतृत्वमा थप अध्ययन गरि आगामी कार्यपालिका बैठकमा निर्णय गर्ने ।

निर्णय नं ६ :

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कालीगण्डकी गा.पा.को सवारी चालक दिपक गाहाको श्रीमती हरिमाया गाहा पाठेघर सम्बन्धी मृगौला सम्वन्धी रोगबाट पिडित भइ उपचार गराइरहनु भएकोले खर्चको विल भरपाई पेश भए पछि औषधी उपचार खर्च वापत रु.५०,०००। पचास हजार रुपियाँ चालु खर्चबाट उपलब्ध गराउने तथा कालीगण्डकी गा.पा. २ निवासी लोक बहादुर रानाको घर बाढीको कारण घर भत्केकोले रु.२०,०००। बीस हजार रुपियाँ विपद व्यवस्थापबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७ :

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकार समक्ष समपुरक तथा विशेष अनुदान कोष अन्तर्गत आयोजनाहरु तपशिल बमोजिम छनौट गरि माग गर्ने निर्णय गरियो ।

समपुरक तर्फः

१. झागेदेउराली घरीपोखरा देखि गहलाम ग्रामीण सडक, वडा नं. ४ ।

२. प्यूँघा सिंचाई योजना, वडा नं. १ ।

विशेष अनुदान तर्फः

१. दलित बस्ती विकास, वडा नं. २, ३, ५ र ६ ।

निर्णय नं ८ :

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला विपद व्यवस्थापन समितिलाई थप १ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

खिम बहादुर थापा
गा.पा. अध्यक्ष